# त्रियुगा नगरपालिका कार्यालय
## गाईघाट, उदयपुर

**नगर यातायात गुरु योजना तयार गर्ने सम्वन्धी**
**प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वानको सचूना**
प्रथम पटक प्रकाशित मिति : २०७२।०२।१९

यस त्रियुगा नगरक्षेत्रको नगर यातायात गुरु योजना तयार गर्नको लागि कन्सल्टयान्ट (Consultant) नियुक्त गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक फर्म वा कम्पनीवाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा रितपुर्वक शिलवन्दी विस्तृत प्राविधिक तथा आर्थिक प्रस्ताव यस कार्यालयमा पेश गर्नुहुन सम्वन्धित सवैका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ औ दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समय भित्र प्रस्ताव पेश गर्न सकिनेछ।

१) विस्तृत कार्य निर्देशन (Terms of Reference) : यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औ दिन भित्र ईच्छुक तथा योग्य कन्सल्टयान्ट फर्म वा कम्पनीहरुले नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, आ. व. २०७०।०७१ को कर चुक्ता प्रमाणपत्र पतिलिपि र मु. अ. कर मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न राखी रु ३०० को नगद तिरि लिखित निवेदन दिई कार्यालय समय भित्र यस कार्यालय वाट प्राप्त गर्न सकिनेछ।

२) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन कार्यालय समयभित्र वा सो भन्दा अगाडी नै प्राविधिक र आर्थिक प्रस्ताव छुटाछुटै खाममा शिलवन्दी गरी यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। दर्ता भएका प्राविधिक तथा आर्थिक प्रस्तावहरु भोलिपल्ट कार्यालय समाभित्र कन्सल्टयान्ट फर्म वा कम्पनी प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। प्रतिनिधि उपस्थित नभएमा प्रस्ताव खोल्न कुनै वाधा पर्ने छैन।

त्रियुगा नगरपालिका कार्यालय
गाईघाट, उदयपुर।